बेनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७) बेनी, फागुन २१ गते, २०८० साल संख्याःअतिरिक्ताङ्क २

भाग १

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

मिति २०८०।११।२१ गते बसेको बेनी नगरपालिकाको कार्यपालिका बैठकले सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने कार्यविधि, २०८० स्वीकृत गरेकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने कार्यविधि, २०८०

सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने सम्बन्धमा बनेको कार्यविधि

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा रहेको आधारभूत स्वास्थ्य र सरसफाईको विषय एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ)(१)लाई संवोधन गर्न र बेनी नगरपालिका क्षेत्रभित्र सूर्तिजन्य पदार्थको प्रयोगलाई नियमन र नियन्त्रण गर्न र जनस्वास्थ्यको संरक्षण तथा प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले बेनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बेनी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बेनी नगरपालिकाको सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने कार्यविधि, २०८०" रहेको छ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिंडी, सिगार, हुक्का, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्दछ ।

(ख) "धूम्रपान" भन्नाले चुरोट, बिंडी, सिगार, हुक्का, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बेनी नगरपालिका, म्याग्दी सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले बेनी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले बेनी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ज) "कार्यविधि" भन्नाले "बेनी नगरपालिकाको सूर्तिजन्य पदार्थको नियमन तथा नियन्त्रण गर्ने कार्यविधि, २०८० सम्झनु पर्दछ ।

(झ) "सूर्ति सेवन" भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिएबमोजिमको स्थल सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा १३ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।

(ठ) "व्यापारी" भन्नाले नगरपालिकाक्षेत्रभित्र व्यापार व्यवसाय गर्ने पसले, दुग्ध व्यवसायी, चिया पसले, होटल व्यवसायीसमेत नाफा कमाउने उद्देश्यले सञ्चालित व्यापारी व्यवसायीसमेत भन्ने सम्झनु पर्दछ ।

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -२

## सूर्तिजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिने:** (१) नगरपालिकाको देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ ।

(क) सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्यसम्बन्धी संस्था,

(ग) सार्वजनिक सवारीका साधन,

(घ) सार्वजनिक शौचालय,

(ङ) उद्योग तथा कल कारखाना कार्यस्थल,

(च) चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाला

(छ) नेपाल सरकारको सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ ले तोकेका अन्य स्थलहरू ।

(२) उपदफा (१) मा उल्लिखित स्थलहरूको अतिरिक्त कुनै ठाउँको महत्त्व र संवेदनशीलतालाई विचार गरी नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुने:** (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन ।

(२) नगरपालिकाले सूचना प्रकाशन गरी नगर क्षेत्रभित्रका होटल, पसल, चिया पसल, डेरी पसलहरूमा धूम्रपान तथा सूर्तिजन्य पदार्थको विक्री वितरण तथा सेवन गराउन रोक लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेशको पालना गर्नु नगरका सबै नागरिक तथा विक्रेताको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिमको आदेशको पालना भए नभएको सम्बन्धमा नगरपालिकाले निरीक्षक वा नगर प्रहरी खटाई अनुगमन निरीक्षण गराउन सक्नेछ ।

५. **घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने:** कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुँदैन ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद – ३

## सूर्तिजन्य पदार्थको विक्री वितरण

६. **विक्री वितरण तथा प्रदर्शनमा बन्देजः** (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको विक्रेताले कुनै क्रेताको उमेरको यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र विक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(३) कसैले पनि शिक्षण संस्था, स्वास्थ्य संस्था, शिशु स्याहार केन्द्र र नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तिमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रूपमा सूर्ति, चुरोट, विंडी वा सिगारको खिल्ली विक्री वितरण गर्न नपाउने गरी नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ ।

(५) कसैले पनि निःशुल्क रूपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नगरपालिकाले चाहेमा सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(७) यस कार्यविधिका अन्यत्र जे व्यवस्था भएपनि नगरक्षेत्रभित्र विभिन्न शैक्षिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई कसैले पनि सूर्तिजन्य पदार्थ विक्री वितरण वा सेवन गर्न दिन पाइने छैन।

## परिच्छेद – ४

## निरीक्षण, अनुसन्धान तथा उजूरी दर्ता

७. **निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) कसैले यस कार्यविधि विपरित सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा वितरण तथा व्यापारीले यस कार्यविधि बमोजिम गर्नुपर्ने कुराहरू पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नगरपालिकाले कार्यालयको कुनै कर्मचारी वा नगर प्रहरीलाई निरीक्षकको रूपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफूद्वारा गरिएको कामको विवरण प्रमुख, उपप्रमुख र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(३) यस कार्यविधिमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।

८. <u>निरीक्षण गर्न सक्ने:</u> (१) कसैले यस कार्यविधि विपरित सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादन वा व्यापारीले यस कार्यविधि बमोजिम गर्नुपर्ने कुराहरू पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यापारीले यस कार्यविधि बमोजिम गर्नुपर्ने कुराहरू पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस कार्यविधि बमोजिम गर्नुपर्ने कुराहरू पूरा गर्न सम्बन्धित पक्षलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

९. <u>अनुसन्धान तथा तहकिकात:</u> उत्पादक वा वितरक वा व्यापारीले यस कार्यविधि बमोजिम गर्नुपर्ने कुराहरू पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

१०. <u>उजूरी दिने:</u> दफा ९ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक, वितरक वा व्यापारी उपर उजूरी दिनुपर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको तीन दिनभित्र समिति समक्ष उजूरी दिनु पर्नेछ ।

## परिच्छेद – ५

## <u>जरिवाना तथा पुनरावेदन</u>

११. <u>जरिवाना तथा कारवाही:</u> (१) कसैले यस कार्यविधि विपरित सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा वा गराएमा देहाय बमोजिम जरिवाना तथा गर्नुपर्नेछ ।

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरून्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा पाँच सय रुपैया जरिवाना वा दुबै सजाय गर्नुपर्ने,

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(ख) धूम्रपान वा सूर्ति सेवन गराउने वितरक वा व्यापारीलाई पहिलो पटकको लागि सचेत गराउने र पटक पटक सोही हर्कत भएमा प्रत्येक पटकको लागि एक हजार रूपैयाँसम्म जरिवाना गर्ने ।

(ग) खण्ड (ख) बमोजिमको व्यवहार धेरै पटक दोहोरिएमा त्यस्तो वितरक वा व्यापारीको व्यवसाय नगरपालिकाले नवीकरण नगर्न सक्ने र त्यस्ता व्यापार व्यवसाय बन्द गराउन सक्नेछ ।

(घ) खण्ड (ख) वा (ग) बमोजिमको जरिवाना तथा कारवाही गर्नुपूर्व सम्बन्धित पक्षलाई आफ्नो स्पष्टिकरण दिन पाउने अधिकारबाट बञ्चित गरिने छैन ।

१२. <u>पुनरावेदनः</u> दफा ११ बमोजिमको जरिवाना तथा कारवाहीमा चित्त नबुझेमा सम्बन्धित व्यापारी वा वितरक वा सेवनकर्ताले सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद- ६

## <u>विविध</u>

१३. <u>समितिको गठनः</u> (१) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम एवम् दफा ११ को प्रयोजनको लागि देहाय बमोजिमको सदस्यहरू रहेको सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछः

| | |
|---|---|
| (क) प्रमुख | अध्यक्ष |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (च) समितिले तोकेका कम्तिमा १ महिला सहित सम्बन्धित विषयक्षेत्र र उद्योग, व्यापारसँग सम्बन्धित संघ संस्थाका २ जना | सदस्य |
| (छ) प्रशासन शाखाको प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यहरूको पदावधी दुई वर्षको हुनेछ र निजहरूलाई समितिको निर्णयले पदबाट हटाउन सकिनेछ ।

(३) समितिलाई आवश्यक लागेमा सम्बन्धित क्षेत्रका विशेषज्ञ वा जनप्रतिनिधिहरूलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

नगर कार्यपालिकाको कार्यालय, बेनी नगरपालिका, बेनी, म्याग्दी, गण्डकी प्रदेश, नेपाल, २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१४. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सूर्तिजन्य पदार्थको नियमन र नियन्त्रणका लागि आवश्यक नीति तथा कानूनहरुको विषयमा कार्यपालिकालाई सुझाव दिने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरूत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) निरीक्षकको काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) निरीक्षकको काम कारवाहीको विषयमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(ङ) सूर्तिजन्य पदार्थको नियमन र नियन्त्रणका सम्बन्धमा नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारका निकायहरूसँग समन्वय गर्ने,

(च) दफा ११ बमोजिमको जरिवाना वा कारवाहीको निर्णय गर्ने,

(च) कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

(२) समितिलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार समितिले कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

१५. <u>सहयोग गर्नु पर्ने:</u> यस कार्यविधिको कार्यान्वयनका लागि प्रचलित कानूनबमोजिम नेपाल सरकार र गण्डकी प्रदेश सरकारका सम्बन्धित निकायहरूले आवश्यक सहयोग गर्नुपर्नेछ।

१६. <u>नेपाल सरकारको कानून लागू हुने:</u> यस कार्यविधिको कार्यान्वयनमा प्रभावकारिता ल्याउनको लागि नेपाल सरकारको सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ मा व्यवस्था भएबमोजिम नेपाल सरकारका निकायहरूलाई आवश्यक सहयोगको लागि कार्यालयले अनुरोध गरेमा सम्बन्धित निकायहरूले सहयोग गर्नुपर्ने कर्तव्य हुनेछ ।

१७. <u>कार्यविधिमा हेरफेर:</u> कार्यपालिकाले निर्णय गरि यस कार्यविधिमा भएका व्यवस्थाहरूमा थपघट वा हेरफेर गर्न सकिनेछ ।

<u>आज्ञाले</u>

नेत्रप्रसाद पौडेल

बेनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३